## जिल्ला समन्वय समिति, उदयपुर

## कोशी प्रदेश, नेपाल

# नीति तथा कार्यक्रम, २०८१

# बिनियोजन ऐन, २०८१

जिल्ला समन्वय समितिको कार्यालय
उदयपुर
कोशी प्रदेश, नेपाल

जिल्ला समन्वय समिति

उदयपुर

# जिल्ला समन्वय समिति, उदयपुरको सातौं जिल्ला सभामा प्रस्तुत नीति तथा कार्यक्रम, २०८१

२०८१ फाल्गुण १ गते बिहिवार

जिल्ला सभाका अध्यक्ष ज्यू,
जिल्ला सभाका सम्पूर्ण सदस्य ज्यूहरु,
जिल्ला समन्वय अधिकारी ज्यू,
कर्मचारी मित्रहरु,

जिल्ला समन्वय समिति उदयपुरको उप-प्रमुखको हैसियतले उदयपुर जिल्लाको सातौं जिल्ला सभामा गत आ.व. २०८०/८१ को भौतिक तथा वित्तीय प्रगति विवरण तथा चालु आ.व. २०८१/८२ को निति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित महशुस गरेको छु ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना अनुरुप तीन तहको सरकारहरुको स्थापना हुनु नेपाली जनताको दशकौं देखिको त्याग, बलिदान र लामो संघर्षको उपलब्धि हो । बलिदानीपूर्ण संघर्षबाट प्राप्त र ऐतिहासिक संविधानसभाबाट जारी भएको नेपालको संविधान अनुसार स्थापित स्थानीय तहका अधिकारहरुलाई अभ्यास गर्ने अभियानमा हामी अघि बढिरहेका छौं । यस महत्वपुर्ण सभामा मुलुकको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन पद्दति स्थापना गर्ने क्रममा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात वीर सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । साथै हाम्रो निमन्त्रणालाई स्वीकार गरि यस सभामा पाल्नुहुने सभाका सम्पूर्ण सदस्यज्यूहरुमा जिल्ला समन्वय समिति, उदयपुरको तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु ।

उदयपुर जिल्लाको समग्र विकास र समृद्धिको लागि संविधानको मूल मर्म अनुरुप संघ, प्रदेश र स्थानीय तहहरुसंगको सहकार्य, समन्वय र सह-अस्तित्वको सिद्दान्तमा आधारित भई कार्य सम्पादन गर्नुपर्ने हामी सबैको दायित्व हो । जिल्लाका सरकारी निकाय, स्थानीय तह तथा संघ संस्थाहरु बीच सुमधुर सम्बन्ध कायम गर्दै विकास निर्माण कार्य र सेवा प्रवाह जस्तो महत्वपूर्ण कार्यलाई अझ प्रभावकारी, जवाफदेही र गुणस्तरीय बनाउन आवश्यक रहेको मैले महशुस गरेको छु ।

नेपालको संबिधान तथा सम्बन्धित कानुनमा विकास निर्माण, सुशासन, स्थानीय तहका बीचमा असल अभ्यास तथा अनुभव आदानप्रदान लगायतका बिषयमा जिल्ला समन्वय समितिको समन्वयकारी भूमिका रहने भनी उल्लेख भएको छ । आगामी दिनमा संघ तथा प्रदेश सरकारबाट समयमै आवश्यक कानुन एवं कार्यविधि निर्माण तथा थप स्रोत साधन सहित जिल्ला समन्वय समितिको संस्थागत क्षमता वृद्धि गरिएमा तोकिएको भूमिका प्रभावकारी रुपमा निर्वाह गर्न सक्षम रहने कुरा यस सभाबाट बिश्वास दिलाउन चाहन्छु ।

नेपालको संविधानको धारा २२० को उपधारा ७ मा जिल्ला भित्रका गाउँपालिका तथा नगरपालिकाबीच समन्वय गर्ने, विकास तथा निर्माण सम्बन्धि कार्यमा अनुगमन गर्ने, जिल्लामा रहने प्रदेश र संघीय सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिकाबीच समन्वय गर्ने र प्रदेश कानुन बमोजिमको अन्य कार्य गर्ने भनि संबिधानमा व्यवस्था भएतापनि हालसम्म संघीय सरकारबाट यस सम्बन्धि कानुन बन्न सकेको छैन । यसका साथै प्रदेश सरकारबाट समेत आवश्यक

कानुन तथा कार्यविधि समयमा बन्न नसक्दा जिल्ला सभाको तर्फबाट जिल्ला समन्वय समितिले गर्नुपर्ने कार्य सम्पादन ब्यबस्थित र प्रभावकारी हुन नसकेको कुरा यस सभामा अवगत गराउन चाहन्छु ।

स्थानीय तहको निर्वाचन पश्चात जिल्ला सभा गठन भई जिल्ला समन्वय समितिले कार्य सम्पादनको छैठौं बर्ष पार गरिसकेको अवस्था छ । यस अवधिमा जिल्ला समन्वय समिति, उदयपुरले उपलब्ध स्रोत साधन र जनशक्तिमा निर्भर रही संविधान तथा स्थानीय सरकार संचालन ऐनले तोकेको जिम्मेवारी पुरा गर्दै आएको छ । स्थानीय तहको संस्थागत क्षमताको मुल्यांकन गरी नगर तथा गाउँपालिकाको सेवाको प्रभावकारिता वृद्धि गरि सुशासन प्रवर्द्धन गर्ने कार्यमा जिल्ला समन्वय समितिले समन्वयकारी भूमिका निर्वाह गरिरहेको छ । साथै आगामी दिनमा स्थानीय तहको संस्थागत क्षमताको मूल्यांकन गरी कार्यसम्पादनको आधारमा यस जिल्ला स्थित स्थानीय तहहरु मध्ये उत्कृष्ट कार्य अंक प्राप्त गर्ने पालिकालाई जिल्ला समन्वय समितिबाट सम्मान/पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

आजको यस महत्वपूर्ण घडीमा जिल्ला समन्वय समितिको कार्य सम्पादनमा मार्ग निर्देशन गर्ने एवं सहयोग पुर्याउने संघीय सरकार, प्रदेश सरकार, स्थानीय तहहरु, विभिन्न सरकारी कार्यालयहरु, नागरिक समाज, गै.स.स., विभिन्न क्षेत्रका बुद्दिजीविहरु, संचार माध्यमहरु लगायत सर्वसाधारण सबैप्रति यसै सभा मार्फत हार्दिक आभार ब्यक्त गर्न चाहन्छु । यस सभाले पारित गर्ने निर्णयहरु आगामी दिनहरुमा प्रभावकारी रुपमा कार्यान्वयन गरिदै गर्नका लागि समेत यहाँहरुको सक्रिय सहभागिता तथा सहयोगको अपेक्षा गर्दछु । जिल्ला समन्वय समितिको गत बर्षका नीति तथा कार्यक्रमहरुलाई निरन्तरता दिनेगरी यस आ.व. २०८१/८२ को लागि नीति कार्यक्रम तथा बजेट प्रस्तुत गरेको छु ।

**सभाध्यक्ष महोदय,**

चालु आ.व. २०८१/८२ को लागि जिल्ला समन्वय समिति उदयपुरले लिने नीति कार्यक्रम तथा बजेट प्रस्तुत गर्नु अघि म, गत आ.व. २०८०/८१ मा जिल्ला समन्वय समितिबाट सम्पादन भए/गरेका प्रमुख कार्य तथा क्रियाकलापहरुका बारेमा जानकारी गराउन चाहान्छु ।

**(क) अनुगमन सम्बन्धी**

१. जिल्ला समन्वय समितिको क्षेत्राधिकार भित्रको प्रमुख कार्य मध्ये अनुगमन कार्य एक महत्वपुर्ण कार्य हो । समयमा नै विकास निर्माण कार्य सम्पन्न गरि गुणस्तर कायम गर्नको लागि जिल्ला समन्वय समितिबाट आवश्यक पहल गरिरहेको भएपनि विकास निर्माणको कार्य अझसम्म पनि असारे बिकासमा नै केन्द्रीत भईरहेको छ। सडक, पुल, खानेपानी, सिंचाई, भवन, नाली निर्माण, पदमार्ग निर्माण, भुमिगत सिचाई लगायतका संचालित तथा सम्पन्न भएका योजनाहरुको अनुगमनको क्रममा देखिएको कमी कमजोरीहरुलाई सच्याउन र गुणस्तरीय कार्य सम्पादन गर्न राय, सल्लाह सुझाव दिने कार्य भएको छ ।
२. नदीजन्य पदार्थ ढुंगा, गिटी, बालुवाको उत्खनन्, संकलन र बिक्री वितरणको सम्बन्धमा मुख्यगरी कटारी, त्रियुगा, चौदण्डीगढी र बेलका नगरपालिका अन्तर्गतका खोलाहरुको अनुगमन गरी नदीजन्य पदार्थको उत्खनन्, संकलनमा देखिएका कमी कमजोरीहरुलाई सुधार गर्नका लागि बिस्तृत प्रतिबेदन तयार गरि सल्लाह सुझाव दिने कार्य गरिएको छ।
३. स्थानीय तहहरु मार्फत निर्माणधिन तथा निर्माण सम्पन्न भएका योजनाहरुको स्थलगत अनुगमन गरी देखिएका कमिकमजोरीहरु सुधारका निमित्त सम्बन्धित पालिका सँग समन्वय, सहजीकरण र सहयोग गरिदै आएको छ

४. मौज्दात कोषबाट संचालित योजना तथा कार्यक्रमहरुको नियमित रुपमा अनुगमन तथा सुपरिवेक्षण गरिएको
५. स्थानीय सरकारका रुपमा रहेका स्थानीय तहहरु बाट आम नागरिकलाइ प्रदान गरिने सेवालाइ सरल सुलभ छिटो छरितो र प्रभावकारी बनाउनका लागि स्थानीय तहहरुको अनुगमन गरि साथै आवश्यक सल्लाह, सुझाव प्रदान गरिएको छ।
६. स्वास्थ्य, शिक्षा, कृषी, पशु लगायतका बिषयगत कार्यालयहरुबाट गत आ.ब. मा भएका सम्पन्न गरिएका क्रियाकलापहरुको अनुगमन गरिएको ।

**(ख) सहभागिता**

१. प्रत्येक महिना जिल्ला समन्वय समितिका पदाधिकारीहरुको नियमित बैठक बसी अघिल्लो बैठकको समीक्षा हुने गरेको र आवश्यकता अनुसार अन्य बैठक बस्ने गरेको । गत आ.व. मा जिल्ला समन्वय समितिको १२ वटा बैठक सम्पन्न भएको ।
२. स्वास्थ्य, शिक्षा, कृषि र वातावरण तथा विपद जस्ता विषयगत समितिका बैठक तथा गोष्ठीहरुमा जिल्ला समन्वय समितिको तर्फबाट सक्रिय र अर्थपूर्ण सहभागिता रहेको छ ।
३. जिल्ला समन्व समिति महासंघको प्रदेश परिषदको बैठक, कोशी प्रदेश प्रशासनिक समन्वय परिषद् बैठकमा नियमित संस्थागत सहभागिता हुनेगरेको छ ।
४. जिल्ला विपद ब्यबस्थापन समितिको बैठकमा नियमित तथा सक्रिय सहभागिता रहेको छ ।

**(ग) समन्वय, सहजीकरण तथा उपलब्धी**

१. जिल्ला समन्वय समिति, उदयपुरले जिल्लाको विकास निमार्ण कार्यहरुको प्रभावकारी अनुगमन, समन्वय र सहकार्यता तथा कार्यालयको दैनिक प्रशासनिक गतिविधिहरुलाई चुस्त दुरुस्त राख्नको लागी गत आ.व. मा जिल्ला समन्वय समितिको १२ वटा बैठक सम्पन्न भएको जसमा आवश्यकता अनुसार नितीगत तथा जनमैत्री निर्णयहरु गरी सेवाप्रवाहमा चुस्तता प्रदान गरेको छ ।
२. ढुंगा, गिटि, बालुवा उत्खनन्, बिक्री तथा ब्यबस्थापन सम्बन्धी कार्यबिधी, २०७९ मा उल्लेखित समितिको बैठक ३ पटक बसि छलफल गरिएको ।
३. जिल्लाका स्थानीय तह सरकारी कार्यालय तथा गैर सरकारी सस्थाहरुको बैठक तथा कार्यक्रमहरुमा उपस्थित भइ सल्लाह सुझाव प्रदान गरिएको।
४. स्थानीय तहहरुबाट आएका गुनासा तथा समस्याहरुको सम्बोधन तथा समाधानका लागि सम्बन्धित स्थानीय तहहरुलाई निर्देशन प्रदान गरिएको छ । यसका साथै स्थानीय तहहरुका समस्या समाधान गर्नका लागि प्रदेश तथा सङ्घीय मन्त्रालयहरु सँग अनुरोध गरिएको छ ।
५. ***साझा लक्ष्य सबैको साथ उदयपुरको बिकासमा मिलाउ हाथ*** भन्ने मूल नारका साथ उदयपुरको समग्र बिकासका लागि हाल सम्म २ पटक सर्वपक्षीय बैठक तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको ।
६. जिल्ला समन्वय समितिको कार्यालय संचालनमा रहेको भवन पुरानो भई जिर्ण अवस्थामा रहेकोले यसलाई मर्मत सम्भार तथा रङ्गरोगन गरि ब्यवस्थित बनाइएको ।

७. जिल्ला समन्वय समितिको स्वामित्वमा रहेको सपिङ्ग कम्प्लेक्स तथा सिटीहल भाडाको लागि सूचना प्रकाशन गरि मुअकर समेतको रकम संघीय राजश्व खातामा जम्मा गर्न शुरुवात गरिएको ।

८. जिल्ला समन्वय समितिको कार्यालयबाट सम्बन्धित निकायमा अनुरोध गरिए अनुरुप यस कार्यालयमा रिक्त रहेका सबै पदहरु पुर्ति भएको ।

९. बिषयगत कार्यालय तथा स्थानीयहरु एवं गैर सरकारी संस्थाहरुको सहभागितामा बार्षीक प्रगति समिक्षा बैठकको आयोजना गरिएको ।

१०. गणतन्त्र दिवश, प्रजातन्त्र दिवश, संबिधान तथा राष्ट्रीय दिवश लगायतका सभा समारोहहरुमा समन्वय समितिका प्रमुख ज्यूको अध्यक्षता बिबिध कार्यक्रम गरि सम्पन्न गरिएको ।

११. जिल्ला समन्वय समितिका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता बिकास तथा अध्ययन अवलोकनका लागि जिल्ला समन्वय समिति पाँचथर तथा ताप्लेजुङ्गको भ्रमण गरिएको ।

१२. मौज्दात कोष मार्फत संचालन भएका योजना तथा कार्यक्रमहरुको अनुगमन तथा सुपरिवेक्षण गरिएको ।

१३. बाल मैत्री वडा घोषणा गर्ने सन्दर्भमा सम्बन्धित पालिकाको अनुरोधमा ताप्ली गाँउपालिकाको वडा नं ३ र ५ तथा रौतामाई गाँउपालिकाको वडा नं ६ र ८ को अनुगमन गरिएको ।

१४. जिल्लाका सम्पूर्ण स्थानीय तहको संस्थागत क्षमता स्वमुल्याङ्कन (LISA) र वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) सम्बन्धी कार्यको परीक्षण गर्ने कार्य सम्पन्न भएको ।

१५. जिल्ला स्थित सरकारी कार्यालयहरुमा प्रमुख भईआउने पदाधिकारीलाई स्वागत तथा बिदाई गर्ने नीति अन्तरगत प्रमुख जिल्ला अधिकारी तथा प्रहरी उपरिक्षक ज्यूलाई स्वागत तथा बिदाई गरिएको ।

१६. राष्ट्रीय किसान महासंघ द्वारा आयोजित कार्यक्रममा सक्रियतापुर्वक सहभागिता जनाईएको ।

१७. World vision International Nepal को आर्थिक सहयोगमा जाल्पा एकिकृत बिकास समाज उदयपुर र मानव अधिकार वातावरण बिकास केन्द्र द्वारा संचालित परियोजनाहरुको DEPAC बैठक बसि अनुगमन समेत गरिएको ।

१८. घरेलु हिंसाबाट प्रभावित महिलाहरुको मानसिक स्वास्थ्य लाई पारिवारिक माध्ययमबाट संबोधन गर्ने सम्बन्धमा ओरेक नेपाल तथा सम्भव संस्थाद्वारा आयोजना गरिएको अन्तरक्रिया कार्यक्रममा सहभागिता जनाइएको ।

१९. एकद्वार संकट ब्यवस्थापन केन्द्र (OCMC) को हाल सम्म २ पटक बैठक बसि बार्षिक समिक्षा सहित विविध निर्णयहरु गरिएको ।

**अब म गत आ.ब. को आय ब्यय तथा खर्च सहितको आर्थिक बिवरण प्रस्तुत गर्न चाहन्छु ।**

गत आ.ब. २०८०/८१ मा जिल्ला समन्वय समितिको कार्यालय संचालनका लागि संघीय सरकार बाट जम्मा रु. १४३२८०००।०० (एक करोड त्रिचालिस लाख अठ्ठाईस हजार) बिनियोजन गरिएकोमा रु. १२६४६९७०।०० (एक करोड छब्बिस लाख छियालिस हजार नौ सय सत्तरी) खर्च हुन गएकोमा खर्चको प्रतिशत ८८.२७ रहेको छ। यसका साथै साविक जिल्ला समन्वय समितिको कोषबाट मौज्दात भई आएको बिबिध खर्च खातामा गत आ.ब.को शुरुमा रु. २९,९४२,४७३.७५ (दुई करोड उनान्सय लाख बयालिस हजार चार सय त्रिरहत्तर रुपैया पचहत्तर पैसा) रहेकोमा रु. ४,५६०,४५७.८२ (पैतालिस लाख साठी हजार चार सय सन्ताउन्न रुपैया बयासी पैसा) खर्च भई रु. २३,०७२,०१५.९३ (दुई करोड तीस लाख बहत्तर हजा पन्ध्र रुपैया त्रियानब्बे पैसा) मौज्दात रहेको छ ।यसका साथै गत बिगतमा स्थानीय तहहरुमा संचालन हुने योजनाहरुका लागि बिनियोजन गरिएको मौज्दात कोषको रकम मध्ये त्रियुगा नगरपालिका,

चौदण्डीगढी नगरपालिका र लिम्चुङ्गबुङ्ग गाउपालिकाले कार्य सम्पन्न गरिसकेका छन् भने कटारी नगरपालिका, बेलका नगरपालिका, उदयपुरगढी गाँउपालिका र रौतामाई गाँउपालिकामा पेश्की गएको र ताप्ली गाँउपालिकाको सम्झौता भइ कार्य सुचारु रहेको छ । बजेट खर्च सम्बन्धी बिस्तृत बिवरण तल तालिकाहरुमा प्रस्तुत गरिएको छ ।

**चालु खर्च (व.शि.न-३६५००१०५३)**

| क्र.स. | शिर्षक | तलब | अनिवार्य दायित्व | करार सेवा | कार्यक्रम खर्च | अनुगमन | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १. | कुल बजेट | १००२७००० | २७७६००० | ४६१००० | ४,०१,००० | ६,६३,००० | १४३२८००० |
| २. | खर्च | ८३६०४३४ | २७७५७१६ | ४५१४९० | ३९६३७५ | ६६२९५४ | १२६४६९७० (८८.२७ प्रतिशत) |
| ३. | बाँकी | १६६६५६५ | २८३ | ९५१० | ४६२४ | ४५ | १६८१०२९ |

**मौज्दात कोष सम्बन्धी**

अ.ल्या.- २९७८७१४९।७५
आम्दानी- १५५३२४।०० (सिटीहल/सपिङ्ग कम्पेलेक्स/विटौरी कर)
कूल जम्मा - २९९४२४७३।७५
खर्च- ४५६०४५७।८२
मौज्दात - २३०७२०१५।९३

**बिबिध खर्च खाता**

| शिर्षक | जम्मा आम्दानी | जम्मा खर्च रकम | बाँकी |
|---|---|---|---|
| **नेपाल सरकार/प्रदेश सरकार** | **२९,९४२,४७३.७५** | **४,५६०,४५७.८२** | **२३,०७२,०१५.९३** |
| **कोरोना कोष** | **६१५,१८७.००** | **०.००** | **६१५,१८७.००** |
| जनसुरक्षा कोष कोभिड १९ | ६१५,१८७.०० | ०.०० | ६१५,१८७.०० |
| **स्थानीय विकास कोष** | **२९,३२७,२८६.७५** | **४,५६०,४५७.८२** | **२२,४५६,८२८.९३** |
| आन्तरिक ठेक्का व्यवस्थापन | ५२४,२५६.१८ | २४९,४५३.०० | २७४,८०३.१८ |
| स्थानिय विकास कोष | ३४,८६०.४७ | ०.०० | ३४,८६०.४७ |
| प्रशासनिक खर्च | ५५,३१४.९० | ०.०० | ५५,३१४.९० |
| अदालतको फैसला बमोजिम कार्यान्वयन | ३,४३६,४६२.०० | ३०,०००.०० | ३,४०६,४६२.०० |
| नदिजन्य पदार्थको ब्यवस्थापन | १०३,४००.०० | ७५,१६५.०० | २८,२३५.०० |
| नदिजन्य पदार्थ | १६,९५७.४० | ०.०० | १६,९५७.४० |
| प्रदुषण कोष | ७४५,०००.०० | ०.०० | ७४५,०००.०० |
| उर्जा तथा व्यवस्थापन | ४१६,८९७.४१ | ०.०० | ४१६,८९७.४१ |
| पुर्वाधार विकास | २३,५७१,२६०.८९ | ४,१५४,४१३.५२ | १७,१०६,८४७.३७ |
| तथ्याङ्क प्रकाशन | ४२२,८७७.५० | ५१,४२६.३० | ३७१,४५१.२० |
| **जम्मा** | **२९,९४२,४७३.७५** | **४,५६०,४५७.८२** | **२३,०७२,०१५.९३** |

## विविध तर्फको बिस्तृत विवरण

| क्र.स. | पालिकाहरु | विनियोजित रकम | भुक्तानी | कैफीयत |
|---|---|---|---|---|
| १. | कटारी नपा | १६,५०,००० | ११५५००० | पेश्की |
| २. | चौदण्डीगढी नपा | १६,५०,००० | १६,५०,००० | सम्पन्न |
| ३. | उदयपुरगढी गापा | १६,५०,००० | ११,५५,००० | पेश्की |
| ४. | लिम्चुङबुङ गापा | १६,५०,००० | १६,५०,००० | सम्पन्न |
| ५. | बेलका नपा | १६,५०,००० | ११,५५,००० | पेश्की |
| ६. | रौतामाई गापा | १६,५०,००० | ११,५५,००० | पेश्की |
| ७. | ताप्ली गापा | १६,५०,००० | - | सम्झौता भएको |
| ८. | त्रियुगा नपा | १६,५०,००० र १०,३९,००० | २६७१८१९ | सम्पन्न |

उपरोक्त अनुसार जिल्ला समन्वय समितिको प्रशासनिक खर्चका लागि संघीय सरकार बाट चालु खर्च शिर्षकमा रकम प्राप्त हुने र यसको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालय बाट हुने गरेकोमा यस कार्यालयको आ.ब. ०७९/८० को अन्तिम लेखापरीक्षण सम्पन भएको र उक्त आ.ब.मा रु.३२८३५९।०० सपिङ्ग कम्प्लेक्स तथा सिटीहल भाडा बापतको रकम उठाउदा मुअकर नलिएको भनि बेरुजु कायम गरिएको छ भने गत आब २०८०/८१ को लेखा परीक्षण कार्य सम्पन्न भई प्रतिबेदन प्राप्त भैनसकेको अवस्था रहेको छ ।

**सभाध्यक्ष महोदय**

**अब म जिल्ला समन्वय समिति उदयपुरले जिल्लाको विकास र समृद्धिको लागी लिने निति तथा कार्यक्रम प्रस्तुत गर्न गैरहेको छु ।**

जिल्ला समन्वय समिति उदयपुरको आ.ब. २०८१।८२ को नीति तथा कार्यक्रम, नेपालको संबिधान २०७२, नेपाल सरकारको आर्थिक नीति तथा आवधिक योजना, दिगो विकासको लक्ष्य, स्थानीय सरकार संचालन ऐन २०७४, अन्तर सरकारी बित्तिय ब्यवस्थापन ऐन, अन्तरराष्ट्रिय क्षेत्रमा नेपालले गरेका प्रतिबद्धताहरु, प्रदेश सरकारले अङ्गिकार गरेको नीति तथा कार्यक्रम एवं स्थानीय नागरिकहरुबाट प्राप्त सुझावहरु समेतलाई आधार मानेर तयार गरिएको छ।

बिकास एक निरन्तर एवं गतिशील प्रक्रिया भएकोले यस नीति कार्यक्रममा विगतका वर्षहरुमा लिएका कतिपय निती तथा कार्यक्रमहरुलाई निरन्तरता समेत दिइएको छ । यसका लागि जिल्ला भित्र संचालन गरिने विकासका कार्यलाई जनमुखी बनाउँदै आम नागरिकको आर्थिक क्रियाकलापको बढोत्तरी गरी, सामाजिक न्याय तथा समानतामा आधारीत भेदभाव रहित सरल र सहज जीवन यापनका आधारहरुको सुनिश्चित गर्नका लागि आर्थिक, सामाजिक तथा पूर्वाधारका क्षेत्रहरुमा लगानी बृद्धी गरी जिल्लालाई कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य, व्यापार र पूर्वाधार बिकासका माध्यमबाट दिगो विकासको लक्ष्यलाई आत्मसाथ गर्दै आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपमा सम्पन्न, वातावरणीय दृष्टिले स्वच्छ, सुविधा सम्पन्न व्यवस्थित गर्ने उद्देश्य लिइनेछ।

उल्लेखित दीर्घकालीन सोंच, लक्ष्य तथा उद्देश्य मुताविक जिल्ला समन्वय समिति उदयपुरले आ.व.२०८१/०८२ मा अवलम्वन गर्ने नीति तथा कार्यक्रम सम्मानित सभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

१. स्थानीय तहहरुबाट आम नागरिकका लागि प्रवाह गरिने दैनिक सेवालाइ प्रभावकारी तथा सहज र सुलभ बनाउनका लागि आवश्यक सुझाव सल्लाह प्रदान गरिने कार्यलाइ निरन्तरता दिइने छ ।
२. नगरपालिका तथा गाँउपालिकाहरु बाट संचालन हुने बिकास निर्माणका कार्यमा गुणस्तरीयता कायम गरि समयमै सम्पन्न गर्न गराउनका लागि निरन्तर अनुगमन गरि सहजिकरण गरिने छ ।
३. आम नागरिकबाट प्राप्त हुने गुनासोको गम्भिरतापुर्वक सुनवाई गरि सम्बोधन तथा समाधानका लागि सम्बन्धित निकाय सँग समन्वय गरिने छ ।
४. समग्र जिल्लाको सन्तुलित बिकासका लागि अध्ययन अनुसन्धान गरि राय सुझाव सहित अन्तर स्थानीय तहहरुबीचका कार्यक्रम तथा योजनाको संचालनमा समन्वय गरिनेछ ।
५. स्थानीय तहको बजेटबाट संचालन हुन नसक्ने अन्तर स्थानीय तह तथा जिल्ला स्तरीय गौरवका आयोजनाहरुको लागि संघीय तथा प्रदेश सरकारसँग समन्वय गरी विकास कार्यमा सहयोग पुर्याईनेछ ।
६. संघीय तथा प्रदेश सरकारबाट संचालित गौरवका आयोजनाहरुको प्रभावकारी कार्यान्वयन गर्न तीनै तह सँग आवश्यक समन्वय र सहयोग गरिनेछ ।
७. जिल्ला भित्रका कृषि, पर्यटन, वन वातावरण, उद्योग लगायतका क्षेत्रको समग्र बिकासको लागि अध्ययन तथा अनुगमन गरी संघ र प्रदेश सरकारको सहकार्य र समन्वयमा जिल्लाको समग्र बिकासमा सहयोग पुर्याईनेछ ।
८. जिल्लाको गुणात्मक बिकासको लागि अनुगमन कार्यलाई प्रभावकारी बनाउन संघ र प्रदेश सरकारसँग समन्वय गरी बिषयगत बिशेषज्ञ सहितको जनशक्ति ब्यबस्थापन गरी जिल्लामा संचालित योजनाहरुको नियमित र प्रभावकारी अनुगमन गरिनेछ ।
९. जिल्लाको प्राकृतिक स्रोत (ढुंगा, गीटि, बालुवा, माटो, लगायत अन्य खनिज पदार्थ) हरुको उत्खनन्, संकलन, बिक्री वितरणको लागि सो सम्बन्धमा ब्यबस्थापन गर्न बनेको ऐन, नियम, कानुन, मापदण्ड, कार्यविधिहरु लगायतको पूर्ण रुपमा परिपालना गर्न नियमानुसार गर्न गराउन आवश्यक समन्वय, सहयोग तथा अनुगमन गरि बिस्तृत प्रतिबेदन तयार गरि सम्बन्धित स्थानीय तह तथा प्रदेश सरकारमा पठाईनेछ ।
१०. जिल्लाका सम्पूर्ण स्थानीय तहको संस्थागत क्षमता स्वमुल्याङ्कन (LISA) र वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) सम्बन्धी कार्यमा उच्च अंक प्राप्त गर्ने स्थानीय तहहरुलाई सम्मान गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
११. बिभिन्न स्थानीय तहहरुमा कार्यरत जनशक्तिहरुको क्षमता बिकास गरि मनोबल उच्च बनाउनका लागि क्षमता बिकास तालिम संचालन गरिने छ । यसका लागि सम्बन्धित स्थानीय तह तथा प्रदेश सरकार संग समन्वय गरिनेछ ।
१२. जिल्ला स्थित सरकारी कार्यालयहरुमा प्रमुख भईआउने प्रमुख जिल्ला अधिकारी प्रहरी प्रमुख लगायतका पदाधिकारीलाई सम्मान गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
१३. यस जिल्लामा स्थायी घर भइ नेपाल सरकारको उच्च ओहोदामा पुगेका सम्माननीय प्रधान न्यायाधिस तथा नेपाल सरकारका बिशिष्ट श्रेणीका बहालवाला पदाधिकारीहरुलाइ सम्मान गरि सो कार्यलाइ निरन्तरता दिईनेछ ।
१४. जिल्ला समन्वय समितिको कर्मचारीहरुको क्षमता बिकासका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र प्रदेश सरकार सँग अनुरोध गरिनेछ ।
१५. उदयपुर जिल्लाको समग्र आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण तथा विपद ब्यबस्थापन, संस्थागत विकास र सेवा प्रवाहको क्षेत्रमा आवश्यक समन्वय तथा सहजीकरण गरिनेछ ।

**सभाध्यक्ष महोदय,**

जिल्ला समन्वय समिति उदयपुरको विनियोजन ऐन अन्तरगत गत आ.व. २०८०/८१ को आय व्यय र चालु आ.व. २०८१/८२ को बजेट बाँडफाँड र खर्चको विवरण साथै यस जिल्ला सभामा छलफल गरिने प्रस्तावका विषयहरु यस पश्चात हुने बन्द सत्रमा प्रस्तुत हुने व्यहोरा अवगत गराउन चाहन्छु ।

अन्त्यमा, जिल्ला समन्वय समिति उदयपुरले चालु आर्थिक वर्ष कालागि लिईएका उपरोक्त अनुसारका नीति, कार्यक्रमका उद्देश्यहरु पुर्ति गर्नका लागि उच्च मनोबलका साथ उपलब्ध स्रोत साधनको अधिकतम परिचालन गर्नु अपरिहार्य हुन्छ । यस महान उद्देश्य का लागि दृढ संकल्पित भई सहयोग तथा सहकार्यका लागि सम्पूर्ण सभा सदस्य, स्थानीय तहका जनप्रतिनिधी, कर्मचारी तथा जिल्लावासी दजुभाई दिदी बहिनीहरुमा अनुरोध गर्दै अति व्यस्त समयको वावजुद हाम्रो आमन्त्रणलाई स्वीकार गरि यस जिल्ला सभाको बैठक कार्यक्रममा पाल्नुहुने सभाका सम्पूर्ण सदस्यज्यूहरु लगायत यस कार्यमा खटिने जिल्ला समन्वय समितिका सम्पूर्ण कर्मचारी मित्रहरु प्रति समेत हार्दिक धन्यवाद व्यक्त गर्दै मेरो प्रस्तुति अन्त्य गर्न चाहन्छु ।

**धन्यवाद !**

# जिल्ला समन्वय समिति, उदयपुरको बिनियोजन ऐन, २०८१

## चालु खर्च

| शिर्षक | अन्तिम बजेट | यस महिना सम्मको खर्च | बाँकी बजेट |
|---|---|---|---|
| पारिश्रमिक (स्वीकृत दरवन्दीका कर्मचारीको पारिश्रमिक र जि.स.स. पदाधिकारीको सुविधा) | ९,७२६,०००.०० | ४,८६३,७९४.७० | ४,८६२,२०५.३० |
| नीजि सचिवालय करार कर्मचारी (१ जना) | ४४८,०००.०० | २४३,११०.०० | २०४,८९०.०० |
| पानी तथा बिजुली, सञ्चार महसुल लगायत अन्य अनिवार्य दायित्व खर्च | ३,१०४,०००.०० | १,५५८,३९५.८६ | १,५४५,६०४.१४ |
| कार्यक्रम खर्च (समिक्षा बैठक सहित) | ३८८,०००.०० | १७९,८५०.०० | २०८,१५०.०० |
| अनुगमन तथा भ्रमण खर्च | ८७३,०००.०० | २९३,७९९.०० | ५७९,२०१.०० |
| जम्मा | **१४,५३९,०००.००** | **७,१३८,९४९.५६** | **७,४००,०५०.४४** |

## बिबिध खर्च खाता

| शिर्षक | गत बर्षको मौज्दात | यस महिना सम्मको खर्च | बाँकी रकम |
|---|---|---|---|
| कोरोना कोष | ६१५,१८७.०० | ०.०० | ६१५,१८७.०० |
| उर्जा तथा व्यवस्थापन | ४१६,८९७.४१ | ११४,०००.०० | ३०२,८९७.४१ |
| आन्तरिक ठेक्का व्यवस्थापन | २७४,८०३.१८ | ०.०० | २७४,८०३.१८ |
| नदिजन्य पदार्थ | १६,९५७.४० | ०.०० | १६,९५७.४० |
| प्रदुषण कोष | ७४५,०००.०० | ०.०० | ७४५,०००.०० |
| नदिजन्य पदार्थ व्यवस्थापन | २८,२३५.०० | १६,५००.०० | ११,७३५.०० |
| स्थानीय विकास कोष | ३४,८६०.४७ | ०.०० | ३४,८६०.४७ |
| अदालतको फैसला बमोजिम कार्यान्वयन | ३,४०६,४६२.०० | १५,०००.०० | ३,३९१,४६२.०० |
| पुर्वाधार विकास | १७,१०६,८४७.३७ | ९४५,३१७.६६ | १६,१६१,५२९.७१ |
| तथ्याङ्क प्रकाशन | ३७१,४५१.२० | ०.०० | ३७१,४५१.२० |
| प्रशासनिक खर्च | ५५,३१४.९० | ०.०० | ५५,३१४.९० |
| जम्मा | **२३,०७२,०१५.९३** | **१,०९०,८१७.६६** | **२१,९८१,१९८.२७** |